# सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ बर्षः ६ संख्या : ५८ मितिः चैत्र ०२ गते, २०७९

## भाग- २

## "पुराना नक्सा पास नभएका भवनहरुको नक्सापास नियमित वा अभिलेखिकरण गर्ने सम्बन्धी विशेष कार्यविधि, २०७७" प्रथम स्रसोधन, २०७९

### संसोधित नियमावली

स्थानीय सरकार संचालन ऐनको परिधिभित्र नगरपालिकाको काम कर्तव्य र अधिकारको प्रयोग गरी **"पुराना नक्सा पास नभएका भवनहरुको नक्सापास नियमित गर्ने सम्बन्धी विशेष कार्यविधि, २०७७"** मा पुराना नक्सा पास नभएका भवनहरुको नक्सापास नियमित गर्ने भन्ने कार्यबिधीको सबै शब्दहरुको पछाडी **वा अभिलेखिकरण** भन्ने शब्द थप गर्ने,
उक्त कार्यबिधीको भाग १ को दफा ३.१ मा २०७२ सालको भुकम्प जानु भन्ने शब्दको सट्टामा **२०७८ चैत्र १५, अनलाईन प्रकृया लागु हुनु** भन्ने शब्दहरु थप गर्ने,

कार्यबिधीको ३.१ को महल ३ मा नक्सा शब्दको पास भन्ने शव्दको सट्टामा नियमित भन्ने शब्द थप गर्ने,

सि.नं. १ को दोस्रो महलमा २०७२ साल भुकम्प जानु भन्ने शव्दको सट्टामा **२०७८ चैत्र १५, अनलाईन प्रकृया लागु हुनु** भन्ने शब्द थप गर्ने,

सि.नं. २ को पहिलो महलमा २०७४ असोज २९ भन्ने शव्दको सट्टामा **२०७८ चैत्र १५, अनलाईन प्रकृया लागु हुनु** भन्ने शब्द थप गर्ने,

सि.नं. २ पछि २.१ को पहिलो महलमा **१२" x१२" वा सो भन्दा माथिका अन्य पिलरमा नक्सा स्वीकृत लिई वा नलिई भुई तला वा तला थप भई सकेको भवनहरु** भन्ने थप गर्ने, सि.नं. २ पछि

२.१ को दोस्रो महलमा **यसै साथ संलग्न आधारहरु पुरा गरेका भवनहरुको नक्सा दस्तुर २०७८ चैत्र १५, अनलाईन प्रकृया लागु हुनु पूर्व नगरपालिकामा दर्ता भइ पास हुन नसकेका नक्साहरुका लागि सत प्रतिशत जरिवाना लिइ नक्सा नियमित वा अभिलेखिकरण गरिनेछ। साथै नगरपालिकामा दर्ता नै नगरी निर्माण भएका भवनहरुको हकमा ३०० प्रतिशत दस्तुर लिइ नक्सा नियमित वा अभिलेखिकरण गरिनेछ। स्ल्याब प्रोजेक्सन ३'६" सम्म Cantilever मा wall भएका भवनहरुको नक्सा, स्ल्याब प्रोजेक्सन ३'६" भन्दा बढी भई प्रोजेक्सनमा वाल लगाएकोमा Structural Analysis ले भवन सुरक्षित छ भन्ने प्रमाणित भई आएका भवनहरुको नक्सा, चौडाई र उचाईको अनुपात तीन गुणासम्म भएका भवनहरुको नक्सा, बढीमा तीन तलासम्मका भवनहरुको नक्सा, पूर्व स्वीकृत नक्साको कुल क्षेत्रफल भन्दा बढी हुने गरी थप क्षेत्रफल खुलेका Floor Plan पेश गर्नु पर्नेछ। यसरी पेश भएको Floor Plan सडक अधिकार क्षेत्र तथा सेडव्याक मापदण्ड बमोजिम हुनपर्नेछ, पूर्व स्वीकृत नक्सा बमोजिम निर्माण नभएको घरको हकमा भुकम्पिय जोखिमका कारणबाट हुनसक्ने सबै प्रकारको क्षेतीको जिम्मेबार स्वयम घरधनी हुने व्यहोरा उल्लेख गरी नक्सा नियमित वा अभिलेखिकरण गरिनेछ** भन्ने थप गर्ने,

सो कार्यबिधिको दफा ३.२(क) को तेस्रो लाईनको आधारमा नक्सा भन्ने शव्दको पछाडी रहेको पास भन्ने शव्दको सट्टामा **नियमित वा अभिलेखिकरण** भन्ने शव्द थप गर्ने,

**सोही दफाको (ङ) को** तेस्रो हरफमा पश्चात नगरपालिकाबाट भन्ने शव्दको पछाडी नक्सा पास तथा निर्माण सम्पन्न भन्ने शव्दको सट्टामा **नक्सा नियमित वा अभिलेखिकरण** भन्ने थप गर्ने।

दफा ३.३ (ङ) पछि **(च) मा As built Drawing तथा आवश्यक कागजातहरु** थप गर्ने।

दफा ३.४ को पहिलो लाईनको १ अनुसार नक्सा भन्ने शव्दको पछाडी पास भन्ने शव्दको सट्टामा **नक्सा नियमित वा अभिलेखिकरण** तथा तेस्रो हरफमा अनुसार र नक्सा शव्दको पछाडी रहेको **पास**/ शब्द हटाउने र नियमित शव्दको पछाडी **वा अभिलेखिकरण** भन्ने शव्द थप गर्ने।

दफा ५ को नक्सा नियमित वा भन्ने शव्दको पछाडी नक्सा पास भन्ने शव्द हटाई **अभिलेखिकरण** भन्ने शव्द थप गर्ने।

साथै उल्लेखित कार्यबिधी संग सम्बन्धित अनुसुची १, २, ३, ४, र ५ बमोजिमको ढाँचामा क्रमशः अनुसुची १ मा सिद्धार्थनगर नगरपालिकाको नामको तलको लाईनमा नक्सा पास दरखास्त फाराम भन्ने शब्दको सट्टामा **नक्सा नियमित वा अभिलेखिकरण दरखास्त फाराम** भन्ने शब्द थप गर्ने, नक्सा नियमित वा अभिलेखिकरणको दरखास्त फारममा यस नगरपालिकाको मिति २०७७ को सट्टामा **२०.....** राखी संसोधन गर्ने, सोही हरफको छैठौं हरफमा गर्दछु र नक्सा शव्दको पछाडी पास तथा निर्माण सम्पन्न भन्ने शव्दको सट्टामा **नियमित वा अभिलेखिकरण** भन्ने शव्द थप गर्ने,

अनुसुची ३ को सर्जमिन मुचुल्कामा आठौं हरफमा भवनको अभिलेखिकरण भन्ने शव्दको पछाडी **नक्सा पासको लागि** भन्ने शव्द हटाउने।

सोही अनुसुचीको सि.नं. ३ भन्दा तलको हरफमा मिति २०७७ असोज १५ को सट्टामा २........................ थप गर्ने।

सिद्धार्थनगर नगरपालिका

सि.नं. ३ भन्दा सातौं हरफमा **नियमति वा** भन्ने शव्द थप गर्ने, अभिलेखिकरण गरी भन्ने शव्दको पछि रहेको **नक्सा पास** गरी भन्ने शव्द हटाउने ।

अनुसुची ४ को टिप्पणी आदेशको फारममा नियमित भन्ने शव्दको पछाडी **वा अभिलेखिकरण** थप गर्ने **गरी नक्सा पास एवं निर्माण सम्पन्न** भन्ने शव्द हटाउने, सिद्धार्थनगर नगरपालिका वडा नं. ..... बस्ने .................................... को यस सिद्धार्थनगर नगरपालिका वडा नं. ..... साबिक ........... गा.वि.स. वडा नं. ..... को कि.नं. ................. ज.वि. ................. को पूर्व .................. पश्चिम .................. उत्तर .................. दक्षिण ............... यति चार किल्ला भित्रको जग्गामा लम्बाई ............ चौडाई ........... उचाई ........... को निर्माण सम्पन्न भवनको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपी, जग्गाको नक्सा, एकीकृत सम्पत्ति कर रसिदको फोटोकपी समेत देखिने गरी नक्सा पेश गर्नु भएकोमा स्थानीय सरकार सञ्चालन ऐन, २०७९ को परिच्छेद ७ को दफा ४२ बमोजिम र सिद्धार्थनगर नगरपालिका नगर कार्यपालिकाको मिति **२०७७ साल असोज १५** शव्दको पछाडी **२०.................................** भन्ने थप गर्ने । पूर्व निर्माण सम्पन्न भएको भवनको नक्सालाई भन्ने शव्दको पछाडी **नियमित वा** भन्ने शव्द थप गर्ने । अभिलेखिकरण गरिदिनको लागि मिति ................. मा सम्बन्धित ठाउँमा गई सर्जमिन मुचुल्का समेत भई आएकोमा कोही कसैको पनि खिचलो, सन्धी सर्पन सम्बन्धी उजुरी निवेदन पर्न नआएको हुँदा उक्त सम्पन्न घरको पछाडी को लागि **नियमित वा** भन्ने शव्द थप गर्ने ।

अनुसुची ५ को नक्सा पास प्रमाणपत्रलाई हटाई **नक्सा नियमित वा अभिलेखिकरण** थप गर्ने

सोही अनुसुची ५ को महलमा श्री/श्रीमती ................................ ले सिद्धार्थनगर नगरपालिका वडा नं. .... टोल ................. मा रहेको साविक गा.वि.स. वडा नं. ........ कित्ता नं. ............ ज.वि. ..................... जम्मा .......................... जग्गामा निर्माण भएको भवन “स्थानीय सरकार सञ्चालन ऐन-२०७४” को दफा ४२ को **नक्सा पास** भन्ने शव्द हटाई **नक्सा नियमित वा अभिलेखिकरण** भन्ने शव्द थप गर्ने सम्बन्धी विशेष व्यवस्था अनुसार यसै साथ दिईएको नक्सा बमोजिम नियमित पछि **वा अभिलेखिकरण** थप गर्ने गरी **नक्सा पास** हटाई **नक्सा नियमित वा अभिलेखिकरण** प्रमाणपत्र दिईएको छ ।

अनुसुची ५ मा पूर्व स्वीकृत भएको भए सोको विवरण : नक्सा पास भएको मिति : ....................... नक्सा पास शव्दको सट्टामा **नक्सा नियमित वा अभिलेखिकरण** लेखि संशोधन गर्नुपर्ने ।

आज्ञाले:
नवराज पौड्याल
प्रमुख प्रशासकिय अधिकृत



सिद्धार्थनगर नगरपालिका